पासाङल्हामु शेर्पा

# साहसी वीराङ्गना



जन्म : वि. सं. २०१८
मृत्यु : वि. सं. २०५० वैशाख

*हाम्रो तेन्जिङ शेर्पाले चढ्यो हिमाल चुचुरा !*

धर्मराज थापाले रेडियो नेपालमा गाएको यो गीत लोकप्रिय हुँदा नहुँदै प्रथम सगरमाथा आरोही तेन्जिङ नोर्गे शेर्पाले नेपाली नागरिकता त्यागेपछि नेपालीका मनमा ठेस लाग्यो। तर, सगरमाथामाथि विजय हासिल गर्न नेपाली शेर्पाहरूमा भने त्यस घटनाले गजबको उद्वेलन पैदा गरिदियो, जसका कारण ०५० सालसम्म सयभन्दा बढी नेपालीहरूले सगरमाथामाथि विजय हासिल गरिसकेका थिए। तर विडम्बना ! नेपालको जनसङ्ख्याको आधाभन्दा बढी हिस्सा ओगट्ने महिलाका लागि भने सगरमाथा अछुतो थियो, कुनै महिलाले आफ्ना पाइताला सगरमाथाको शिरमाथि राख्न सकेका थिएनन्। ०५० वैशाख १० गते विश्वको सर्वोच्च शिखर सगरमाथाको शिरमा पाइला राखेर पासाङल्हामु शेर्पाले नेपाली महिलाको सान, मान र इज्जत संसारका सामु उजागर गर्नुभयो। हाम्रो दुर्भाग्य ! सगरमाथा विजयी पासाङलाई हामीले जीवित देख्न पाएनौं। शैलपुत्री पासाङलाई विश्वको शिर सगरमाथाले सधैंका लागि आफ्नो गर्भमै राख्यो।

नेपाली शेर्पाहरूका लागि हिमालयको यात्रा कुनै नयाँ काम होइन। गरिबी, अभाव र अशिक्षामा बाँच्न विवश शेर्पाहरूले पुख्यौंली पेसाका रूपमा यसलाई अपनाउँदै आएका छन्। तर, पासाङका लागि भने सगरमाथा चढेर कीर्तिमान राख्नु थियो। सगरमाथा चढेरै छोड्ने सपना साँचेकी पासाङले आफूलाई सानैदेखि यसैमा केन्द्रित गर्नुभएको थियो। सगरमाथा आफ्नै शिरमा बोकेको सोलुखुम्बुमा जन्मिएकी पासाङको मनमा सगरमाथा आरोहण कुनै असम्भव र नेपाली महिलाले गर्ननहुने काम हो भन्ने कहिल्यै लागेन। अदम्य साहस र दृढताकी धनी पासाङले तीनपल्ट सगरमाथा चढ्ने प्रयास गरे पनि सफलता प्राप्त गर्न सक्नुभएन। उहाँ पहिलोपटक सन् १९९० मा ८ हजार मिटरसम्म पुगेर खाली हात फर्किनुभयो भने त्यसको एक वर्षपछि दोस्रोपटक गरेको प्रयास ८ हजार ७ सय ५० मिटरमा सीमित रह्यो। सन् १९९३ मा गरेको तेस्रो प्रयास पनि ८ हजार ५ सय मिटरभन्दा अगाडि बढ्न सकेन।

सगरमाथामा बिना अक्सिजन रात बिताएको जोखिमलाई पनि बिर्सेर सगरमाथा आरोहणको आफ्नो सपनालाई उहाँले त्याग्नुभएन। उहाँ १९९३ मा आफ्नै नेतृत्वमा टोली बनाएर लाक्पा फुटी शेर्पा र नन्दा राईका साथ सगरमाथा आरोहणमा जुट्नुभयो। पासाङले जीवनको आहुति दिएर निर्माण गरेको गौरवशाली इतिहासको प्रेरणाबाट त्यसपछि नेपाली महिलालाई सगरमाथा चढ्न निरन्तर प्रेरणा प्राप्त भइरहेको छ, जसका कारण नेपाली महिलाले सगरमाथाको चुचुरोमा पुरुषसँगै पुगेर विवाह गर्नेसम्मको हिम्मत गरेका छन्।

जापानकी जुन्को तावेईले सन् १९७५ मा सगरमाथाको सफल आरोहण गरे पनि नेपाली महिलाहरूका लागि विश्वको गौरव सगरमाथा अछुतो रहेका कारण पासाङको मनमा सगरमाथा चढ्ने विचार उब्जेको कुरा उहाँले सगरमाथा चढ्नुअघि दिएका अन्तर्वार्ताहरूमा स्पष्ट पार्नुभएको थियो। पासाङको कथन थियो- "तेन्जिङ नोर्गेले सगरमाथाको सफल आरोहण गरेपछि अहिलेसम्म एक सयभन्दा बढी नेपाली शिखरमा पुगिसकेका छन्। तर, दुःखको कुरा, एक जना पनि नेपाली महिला टाकुरामा पुग्न सकेका छैनन्। नेपाली महिलाहरू अरू देशका महिला पर्वतारोहीहरूभन्दा कम साहसी छैनन्। तर, आवश्यक हौसला र प्रेरणाको कमी छ। ....देशको प्रतिष्ठा बढाउने अभिलासाले मैले यसपटक फेरि सगरमाथा आरोहण गर्न लागेकी हुँ।"

पासाङ महिला भएका कारण सगरमाथा चढ्न जसरी लालायित हुनुहुन्थ्यो, त्यसैगरी महिलाको विकासका लागि केही गर्नुपर्छ भन्ने भावनाबाट पनि निर्देशित हुनुहुन्थ्यो। सगरमाथा आरोहणबाट फर्किनुभयो भने के गर्नुहुन्छ भन्ने प्रश्नमा पासाङले नेपाली महिलाको उत्थानका लागि आफू लाग्ने जानकारी दिँदै भन्नुभएको थियो- "यसपल्टको आरोहणबाट फर्केपछि मैले बितेका वर्षहरूमा सगरमाथा आरोहण गर्दा जीवन गुमाएका पर्वतारोहीहरूका बालबालिकाका निम्ति केही गर्ने प्रयास गर्नेछु। विभिन्न पर्वतारोहण दलमा सामेल हुँदा बाबु मरेकाले कैयौं केटाकेटी अनाथ भई शिक्षा र बाल्यकालका सुविधा पाउन सकिरहेका छैनन्। यस्तै

महिलाहरूलाई पर्वतारोहण तालिम दिलाउने उद्देश्यले आफूजस्तै महिलाहरूको तालिमका लागि महिला पर्वतारोहण स्कुल खोल्ने र हिमाल चढ्दा मरेका शेर्पाहरूका बालबच्चाको पालन, पोषण र शिक्षाका लागि केही गर्न सकेँ भने मेरा लागि त्यो अहोभाग्य हुनेछ।"

यस्ता सुन्दर सामाजिक विचार बोकेकी साहसी वीराङ्गनालाई निष्ठुरी सगरमाथाले आफूमै समाहित गर्‍यो। सारा नेपालीको माया, ममता, सद्भाव र स्नेह लिएर सगरमाथा पुगेकी पासाङले देश-विदेशका आफ्ना शुभचिन्तहरूलाई आभारीको प्रत्युत्तर र विजयको खबर सुनाउन पाउनुभएन। तर, नेपाली महिलाको मनोबल उठाउनका लागि उहाँको अदम्य साहस र अठोट सधैँ पथप्रदर्शकका रूपमा चम्किरहने निश्चित छ।

महिलाले गाह्रो काम गर्नुहुँदैन र गर्न सक्दैनन् भन्ने परम्परागत मान्यतालाई पासाङले सगरमाथा चढेर भत्काउनुभएको छ। १६ जना विदेशी महिलाले सगरमाथामाथि पाइला राखिसक्दा पनि जुन देशमा सगरमाथा उभिएको छ, त्यही देशका महिलाले सगरमाथा चढ्न नसक्नु निश्चय नै नेपाली महिलाका लागि सुखद कुरा थिएन। त्यही कारण पासाङको नारी-मनमा जीवनलाई जोखिममा राखेर भए पनि सगरमाथा आरोहण गरी छाड्ने दृढता उत्पन्न भएको थियो, जसका कारण उहाँ असफलताबाट निराश हुनुभएन, बरु त्यसबाट पाठ सिकेर सफलताको मार्गमा जुट्नुभयो। उहाँले त्यसअघि सन् १९८७ मा ६ हजार ९१ मिटर अग्लो मनाङको पिसाङ हिमाल, ४ हजार ८ सय ७ मिटरको फ्रान्सस्थित युरोपको सबैभन्दा अग्लो माउन्ट ब्लक र ५ हजार ८ सय मिटरकै नेपालकै याला पिकजस्ता हिमालको सफलतापूर्वक आरोहण गरिसक्नुभएको थियो। त्यही सफलताले उहाँलाई सगरमाथामाथि विजय प्राप्त गर्न उत्प्रेरित गरिरहेको थियो। साहसी पासाङले अन्ततः सगरमाथामाथि विजय पनि पाउनुभयो। तर, मृत्युमाथि विजय भने पाउन सक्नुभएन।

भनिरहनै पर्दैन, सगरमाथा आरोहण अत्यन्तै जोखिम र खतरायुक्त काम हो। पर्वतारोहीको जीवन जतिबेला पनि समाप्त हुनेसक्ने खतरा

चौवीसै घण्टा मौजुद हुन्छ । त्यो जोखिम मोलेर पासाङले चौथोपल्ट ०४९ फागुन २६ गते अन्तर्राष्ट्रिय नारी दिवस (आठ मार्च) को अवसर पारेर आफ्नो सफल यात्राको सुरुवात गर्नुभयो । सुरुमा भारतीय महिलाहरूको टोलीमा जाने तय भए पनि उनीहरूको हेपाहा प्रवृत्ति र पासाङभित्रको राष्ट्रवादी भावनाबीचको अन्तर्विरोधका कारण पासाङ स्वयम्ले नेपाली टोली बनाएर त्यसको नेतृत्व गर्नुभयो । सरकारले आवश्यक सहयोग नगरे पनि त्यतिबेला पासाङलाई सङ्घसंस्था र राजनीतिक दलहरूले निकै हौसला र सहयोग प्रदान गरेका थिए । सारा नेपालीहरूको सद्भाव बोकेर पासाङ सगरमाथाको यात्रामा लाग्दा कतिलाई उहाँले सगरमाथा आरोहण गर्नसक्नेमा शङ्का पनि थियो होला । तर, उहाँले व्यवहारबाटै प्रमाणित गरेर देखाइदिनुभयो- "नेपाली महिला सोचेजति कमजोर छैनन् ।"

पासाङल्हामु शेर्पा ०५० साल वैशाख १० गते तद्नुसार सन् १९९३ अप्रिल २२ तारिखका दिन दिउँसो २ बजेर १५ मिनेट जाँदा सगरमाथाको चुचुरोमा पुग्नुभएको थियो । बाह्रै महिना हिउँले छोपिरहने सगरमाथाको चुचुरो चुम्दा पासाङको वर्षौंदेखिको सपना साकार भएको थियो । भ्रमण दलका सहयात्रीहरू सोनामछिरिङ शेर्पा, पेम्वादोर्जे शेर्पा, लाक्पानोर्बु शेर्पा, दावाटासी शेर्पा र पेम्बानुरु शेर्पाका साथ पासाङले सगरमाथाको शिरमा उभिएर नेपालको राष्ट्रिय भण्डा फहराउनुभएको थियो । १५ मिनेट शिखरमा बसेर उहाँहरूले त्यस ऐतिहासिक अवसरलाई क्यामरामा कैद गर्नुभयो ।

पासाङको भ्रमण दलमाथि सङ्कटको बादल तब मडारिन थाल्यो, जब फर्किंदा सोचेभन्दा निकै प्रतिकूलता बेहोर्नुपऱ्यो । त्यसअघि पाँचपटक सगरमाथा आरोहण गरिसकेका सोनाम छिरिङको बिग्रँदो स्वास्थ्यले पासाङको टोलीलाई अप्ठेरोमा पाऱ्यो । ८ हजार ७ सय मिटरमा ओर्लिंदा पासाङको टोलीलाई अर्को भनै ठूलो सङ्कटले घेऱ्यो । शिविरमा राखिएको अक्सिजन र खानेकुरा चोरी भएको रहेछ, जसका कारण उहाँहरू अक्सिजनविहीन हुनुभयो । पासाङले सहयोगीहरूलाई अक्सिजन लिन तल्लो शिविरतिर पठाउनुभयो । तर, उनीहरू सम्पर्कमा रहन सकेनन् ।

स्थिति कतिसम्म कष्टदायी थियो भने सम्पर्क गर्नका लागि पासाङसँग वाकीटकीसमेत थिएन । पासाङले न सोनामलाई बचाउन सक्नुभयो, न त आफ्नै जीवन बचाउन सक्नुभयो । सगरमाथामा हराएकी पासाङको खोजीमा मौसम त प्रतिकूल बनेकै थियो, झन् सरकारी उदासीनताले सबैको मन दुखायो । हराएको १९ दिनपछि सगरमाथा विजयी पासाङ साउथ समिटमा आधा मिटर गहिरो हिउँमा पुरिएको अवस्थामा भेटिनुभयो ।

०५० जेठ ७ गते पासाङको राष्ट्रिय सम्मानका साथ अन्त्येष्टि गरियो । यहाँनेर एउटा पीडादायी संयोग मिलेको छ : पासाङलाई सगरमाथामाथि विजय हासिल गर्न पुष्पगुच्छा दिएर हौसलाका साथ बिदा गर्ने नेकपा (एमाले) का तत्कालीन महासचिव मदनकुमार भण्डारी तथा सङ्गठन विभाग प्रमुख जीवराज आश्रितको शव अन्तिम श्रद्धाञ्जलीका लागि टुँडिखेलको एक कुनामा राखिएको थियो भने सगरमाथा विजयी तिनै वीराङ्गना पासाङको शव अर्को कुनामा राखिएको थियो । पासाङको निधनबाट सिङ्गो मुलुक नै स्तब्ध र शोकाकूल बन्यो । राजा, सरकार, राजनीतिक दल, सङ्घसंस्था र नागरिकहरूले उहाँप्रति श्रद्धाञ्जली अर्पण गरे । वर्षौंदेखि दबिएका र मनोवल उठाउन नसकेका नेपाली महिलाका लागि युगान्तकारी महत्त्व राख्ने अभियानकी विजेता पासाङलाई मरणोपरान्त नेपाल तारा (पहिलो) प्रदान गरियो ।

पासाङको जन्म सोलुखुम्बुको सुर्के गाउँमा भएको हो । ०१८ सालमा बुबा फुर्वाकितार शेर्पा र आमा आङ शेर्पाकी एक्ली छोरीका रूपमा जन्मेकी पासाङको विवाह १८ वर्षको उमेरमा सोलुखुम्बुकै पाङोम गाविस-८ का लाक्पासोनाम शेर्पासँग भएको थियो । उहाँहरूका दुई छोरी र एक छोरा छन् । सानै उमेरदेखि बुबासँग पर्वतारोहणमा संलग्न हुँदै आउनुभएकी पासाङले औपचारिक अध्ययन गर्नुभएको थिएन । सगरमाथासँग लड्दालड्दै पासाङ भौतिक रूपमा हामीबाट बिदा भए पनि उहाँको त्यो अदम्य साहस र अठोट सगरमाथाझैं सधैं चम्किरहनेछ ।

◆

# सन्दर्भ सामग्री


१. *मोतीदेवी स्मारिका,* मोतीदेवी स्मृति केन्द्र, काठमाडौं, ०६०

२. पुष्पलाल, *नेपालमा कम्युनिस्ट आन्दोलनको संक्षिप्त इतिहास,* पुष्पलाल स्मृति प्रतिष्ठान, काठमाडौं, ०५२

३. मङ्गलादेवी सिंह, *नारी सङ्घर्षका पाइलाहरू,* पीएल सिंह, काठमाडौं, ०५१

४. *विदुषी,* विदुषी प्रकाशन प्रालि, काठमाडौं, ०५३

५. *युवा महिला आवाज,* प्ररायुसङ्घ-केन्द्रीय महिला विभाग, काठमाडौं, ०५९ वैशाख

६. *राजनीतिक महिला परिचय,* अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), काठमाडौं, ०५३

७. विष्णु प्रभात, *मातृत्व,* इन्सेक, ०५२

८. *पारिजात सङ्कलित रचनाहरू,* निर्माण प्रकाशन, दक्षिण भारत, ०५४

९. *पासाङल्हामु शेर्पा स्मारिका,* पासाङल्हामु पर्वतारोहण प्रतिष्ठान, काठमाडौं, ०५१

१०. *सामाजिक आन्दोलनकी अग्रणी तथा कवि योगमाया,* नेपाल अध्ययन केन्द्र, काठमाडौं, ०५७

११. डा. सुरेन्द्र केसी, *नेपालमा कम्युनिस्ट आन्दोलनको इतिहास,* विद्यार्थी पुस्तक भण्डार, काठमाडौं, ०५६

१२. शिवमाया तुम्वाहाङ्फे, *नेपालमा महिला आन्दोलन (२००४-०४६),* अखिल नेपाल महिला सङ्घ, नेपाल, ०५९

१३. सुशीला श्रेष्ठ, *सहाना प्रधान : स्मृतिका आँखीझ्यालबाट* स्वप्नवाटिका प्रकाशन, काठमाडौं, ०६०

१४. नवयुग मासिक, नेकपा (एमाले) केन्द्रीय प्रचार तथा प्रकाशन विभाग, काठमाडौं

१५. बुधवार साप्ताहिक, नवयुग प्रकाशन प्रा.लि., काठमाडौं ।

# मोतीदेवी स्मृति केन्द्र

## काठमाडौं

तत्कालीन निरंकुश राणाशासनका विरुद्ध प्रजातन्त्र र आमूल परिवर्तनका निम्ति जनतालाई सचेत, जागरुक र संगठित गर्ने महाअभियानमा लागेकी एकजना महिला योद्धाको नाम हो - मोतीदेवी श्रेष्ठ। आफ्नो घर परिवार र आफन्तजनहरुबाट समेत यथोचित सहयोग पाउनबाट वंचित रहन बाध्य भएकी मोतीदेवीले राष्ट्र र जनताका लागि अघि बढ्दा ठूलो संघर्ष गर्नुपरेको थियो तर आफ्नो निजी जीवन र व्यक्तिगत स्वार्थलाई त्यागेर ठूलो आँट, साहस र आत्मविश्वासका साथ निर्भिकतापूर्वक नेपाली महिलाहरुलाई सशक्त ढंगले अगाडि बढाउनमा वहाँको योगदान रहेको छ। मुलुकको आमूल परिवर्तन र प्रजातन्त्रका लागि एउटा अनुशासित, सशक्त र क्रान्तिकारी पार्टीको जरुरत पर्छ भन्ने वस्तुवादी सोचका साथ अगाडि बढ्दै जाँदा वहाँ कम्युनिष्ट पार्टीको संस्थापक समेत हुन पुग्नुभयो। सामाजिक पछौटेपन र अन्धविश्वासको अन्त्य र आर्थिक, सामाजिक रुपान्तरणका लागि नेपाली महिला आन्दोलनमा वहाँको विशेष भूमिका रहेको पाइन्छ। महिला मुक्ति र सामाजिक मुक्ति आन्दोलनका लागि चेतना फैलाउने क्रममा वहाँले स्वदेशमा मात्र सीमित नरही विदेशमा समेत काम गर्नुभएको थियो। दुर्गादेवी नामले समेत चिनिने मोतिदेवी नेपाली महिलाहरुका लागि मात्र नभएर सिंगै राष्ट्रिय मुक्ति आन्दोलनका पक्षधरहरुका लागिसमेत एउटा साहसी, प्रेरणादायी एवं उदाहरणीय व्यक्तित्व हुनुहुन्छ। वहाँको विचार, जीवनदर्शन र जीवनीका बारेमा महिलाहरुलाई सचेत पार्दै नेपाली महिला आन्दोलनलाई अझ व्यापक, सशक्त र संगठित बनाउनु नेपाली महिलाको प्रथम र परम कर्तव्य हो। सोही लक्ष्य र उद्देश्यका साथ मोतिदेवी स्मृति केन्द्रको स्थापना गरिएको छ। नेपालको कम्युनिष्ट आन्दोलनको इतिहास एवं कम्युनिष्ट पार्टीको स्थापनासँगै जोडिएर आउने नाम मोतीदेवी श्रेष्ठ पनि हो। देशमा जागरण अभियान केही पनि नभएको निरंकुश राणाशासन कालमा दुर्गादेवीको नामले बढी परिचित मोतीदेवी श्रेष्ठले स्वदेशमा मात्र नभई विदेशमा समेत गएर राष्ट्रिय जागरण फैलाउने काममा उहाँको ठूलो योगदान रही आएको छ। वहाँको साहस, निर्भिकता र आँटका बारेमा वर्तमान पिँढीका नेपाली महिलाहरुले सिकेर केही गर्नु उनीहरुको कर्तव्य हो।

समाजमा रहेका पछौटेपन र आत्मविश्वासमा रहेको कमीलाई हटाउने क्रममा नेपाली महिलाहरुलाई सशक्तढंगले अगाडि बढाउन, राष्ट्रिय जीवनका हरेक क्षेत्र र पक्षहरुमा अघि बढ्न उनीहरुलाई सक्षम बनाउने उद्देश्यले ०५४ सालमा मोतीदेवी स्मृति केन्द्रको स्थापना भएको हो।

### उद्देश्यहरु

१ मोतीदेवीले स्थापना गरेका मूल्य र मान्यताहरुको अनुशरण गर्ने।
२ वहाँको सम्मान तथा सम्झनालाई चिरस्थायी बनाउने।
३. देशको प्रजातन्त्र एवं राष्ट्रिय स्वाधीनता प्राप्तिका लागि निरंकुशताका विरुद्ध वहाँले पुऱ्याउनु भएका योगदानहरु जनसमुदाय समक्ष पुऱ्याउने।
४ पिछडिएका तथा विपन्न व्यक्ति तथा शहीदका परिवारको शिक्षादीक्षा र रोजगारीमा सहयोग पुऱ्याउनु।
५ मोतीदेवी लगायत वहाँका समकालीन व्यक्तित्वहरुका कृतिहरु प्रकाशन गर्ने, छायाचित्र निर्माण गर्ने।
६ पिछडिएका तथा विपन्न परिवार एवं शहीदका परिवारको सहयोगार्थ अक्षय कोषको स्थापना र पुरस्कारको व्यवस्था गर्ने।
७ समान उद्देश्य भएका अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुसंग सम्पर्क कायम गर्ने, समझदारी बढाउने, सहयोग जुटाउने र अनुभव तथा विचारको आदान प्रदान गर्ने।
८. संस्थाको उद्देश्यका लागि चल अचल सम्पत्ति हासिल गर्ने, आर्जन गर्ने, भोगचलन गर्ने र हक छाडि दिने।
९. पिछडिएका वर्ग एवं जनजातिको उन्नतिको लागि कार्यक्रम, आयमूलक कार्यक्रम, वृद्धाश्रम र शिशु स्याहार केन्द्र खोल्नेजस्ता कार्यक्रमहरु संचालन गर्ने।
१०. महिला सशक्तिकरण सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने।
११. कुरीति र कुसंस्कारको विरुद्ध जनचेतना अभियान संचालन गर्ने।
१२. महिला हक हितको निम्ति जनचेतना अभियान अभिबृद्धि गर्ने।